# आर्थिक वर्ष २०७९/८०

# को नीति तथा कार्यक्रम सहितको बजेट वक्तव्य

अदानचुली गाउँपालिका

श्रीनगर, हुम्ला

२०७९

कर्ण रोकाया
उपाध्यक्ष

CS CamScanner

गाउँ सभाको बैठकमा २०७९ साल असार १० गते गाँउपालिकाका

उपाध्यक्ष श्री कर्ण रोकाया ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम सहितको बजेट वक्तव्य

## अदानचुली गाउँपालिका

श्रीनगर, हुम्ला

२०७९



कर्ण रोकाया
उपाध्यक्ष

# विषय सूची


विषय सूची......3

प्रारम्भमा,......5

बजेटको प्रमुख उद्देश्य......9

मुख्य नीतिहरू......9

आ.व.२०७९/०८०......11

क) आर्थिक विकास......11

कृषि......11

उद्योग तथा वाणिज्य......12

पर्यटन......13

वन......13

सहकारी तथा वित्तीय क्षेत्र......14

ख) सामाजिक विकास......14

शिक्षा......14

स्वास्थ्य......17

खानेपानी तथा सरसफाइ......19

खेलकुद......20

संस्कृति प्रवर्द्धन......20

लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण......20

ग) पूर्वाधार विकास......22

सडक तथा पुल......22

सिँचाई......22

भवन तथा सहरी विकास......23




कर्ण रोकाया
उपाध्यक्ष

ऊर्जा लघु तथा साना जल विद्युत् (वैकल्पिक ऊर्जा समेत) ........ 24

संचार ........ 25

वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायु परिवर्तन ........ 26

फोहर मैला व्यवस्थापन ........ 27

घ) संस्थागत विकास तथा सेवा प्रवाह ........ 28

मानव संसाधन तथा संस्थागत क्षमता विकास ........ 28

सेवा प्रवाहका मापदण्ड निर्धारण ........ 29

सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग ........ 29

वित्तीय व्यवस्थापन, सुशासन तथा संस्थागत ........ 29

अन्तिममा, ........ 32

कर्ण रोकाया
उपाध्यक्ष

श्री सभा अध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरू,

राष्ट्र सेवक कर्मचारी ज्यूहरू

उपस्थित महानुभावहरू,

पत्रकार साथीहरू,

अदानचुली वासी दाजु भाई तथा दिदी बहिनीहरू,

सर्वप्रथम यस अदानचुली गाउँपालिकाको ऐतिहासिक एघारौं नीति तथा कार्यक्रम सहित बजेट वक्तव्य गर्नु पूर्व नेपालको संविधान २०७२ ले गरेको व्यवस्था अनुसार अदानचुली गाउँपालिकाको उपाध्यक्षको हैसियत ले अदानचुली गाउँपालिकाको गरिमा मय गाउँसभामा आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्नका लागि यस अदानचुली गाउँपालिकाको संचालित गाउँसभाका सभा अध्यक्ष ज्यू बाट अनुमति चाहन्छु ।

यस ऐतिहासिक समारोहमा उपस्थित आदरणीय महानुभावहरू आर्थिक वर्ष २०७९/०८० को बजेट वितरण मुखी नभइ परिमाण मुखी हुने कुरामा आदरणीय यस अदानचुली निवासी इतिहास का निर्माता , न्यायका ढोका भगवान रूपी जनसमुदायहरूमा विश्वास व्यक्त गर्न चाहन्छु।

अदानचुली गाउँपालिकाको एघारौं गाउँ सभाको अवसरमा लोकतन्त्र प्राप्ति र संघिय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्था स्थापनाको लागि विभिन्न काल खण्डमा भएका १० वर्षे जलयुद्ध ,जनआन्दोलन ,मदेश आन्दोलन लगायतका राजनीति परिवर्तन प्राप्ति पूर्व संघर्ष लाई



कर्ण रोकाया
उपाध्यक्ष

CamScanner

स्मरण गराउन चाहन्छु। जनअधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्न सहितहरू प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। घाइते योद्धा र वेपत्ता नागरिकहरू प्रति उच्च सम्मान र उहाँ का परिवार प्रति सहानुभूति प्रकट गर्दछु । २००७ साल देखी हाल सम्मका विभिन्न राजनीति क्रान्तिमा प्रत्यक्ष सहयोग गर्ने आदरणीय जनसमुदाय र सबै राजनीति दलका नेता कार्यकर्ता लाई उच्च सम्मान व्यक्त गर्दछु ।

संचालित अदानचुली गाउँपालिका को एघारौं गाउँसभाले आत्मनिर्भर अर्थतन्त्र स्थानीय स्रोत साथ लाई प्रमुख प्राथमिकता दिँदै गरिब, रोक मारी , भोग मारी , बेरोजगारी जस्ता समस्यालाई समाधान गर्ने तिर बजेट केन्द्रित गरेको छु।

आर्थिक वर्ष २०७९/०८० को बजेट तर्जुमा गर्दा अदानचुली गाँउपालिकाका बुद्धिजीवी, विभिन्न राजनीतिक दलका नेता , प्रत्येक वडा का आदरणीय जनसमुदायका सुझाव संकलन गरि सबैको सुझाव सल्लाहकै आधारमा दीर्घकालीन विकास को लक्ष्यका साथ अदानचुली गाउँपालिकामा रहेका १ देखी ६ वटै वडाका वडा अध्यक्ष ज्यूहरूको विवेकशीलता र पहलमा भएका गाउँ टोल र वडा बाट छनोट भएर आएका योजनाहरूलाई आवश्यकताका आधारमा समावेश गरि कार्यान्वयन गरिने विश्वास दिलाउन चाहन्छु।

संविधानको कार्यान्वयन, आत्म निर्भरता, स्वाधीन अर्थतन्त्र निर्माण, राष्ट्रिय स्वाभिमान र संवृद्धिको बाटोमा अदानचुली गाउँपालिकालाई अगुवाइ गर्ने ऐतिहासिक जिम्मेवारी हाम्रा सामु छ ।

हामी यस अदानचुली गाउँपालिकामा निर्वाचित भई यस क्षेत्रमा गरिबी, उत्पीडन, भौगोलिक कठिनाइ जस्ता यावत् समस्याहरूका बावजुद



कर्ण रोकाया
उपाध्यक्ष

CamScanner

अल्पकालीन मध्यकालीन तथा दीर्घकालीन विकासका पर्याप्त सम्भावनाहरू लाई खोज तथा अनुसन्धान गरि जनताका जीवनसँग प्रत्यक्ष जोडिएका विषयवस्तुहरू जस्तै विद्युत्, सडक, स्वास्थ्य, शिक्षा, रोजगारी, पर्यटन, खानेपानी, संचार, आधुनिक कृषि, सामाजिक सुरक्षा, सिँचाइ लगायतका क्षेत्रलाई मध्यनजर गरी समृद्ध र सुन्दर गाउँपालिकाको परिकल्पना सहित अदानचुली गाउँपालिकाको नीति तथा कार्यक्रम सहितको बजेट वक्तव्य तयार गरेको छु ।

अदानचुली गाउँपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मूल नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरू, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरू, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू, स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरू, नेपालले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरू, स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरू, विकासका समसामयिक मुद्दाहरू जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपत् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन,खुल्ला दिसा मुक्त तथा पुर्ण सरसफाइ, ऊर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरू, स्थानीय तहको मध्यकालीन खर्च संरचना अनुरूप प्राथमिकतामा परेका कार्यक्रमहरू, स्थानीय तहले देखेका विविध विषयहरू, अर्थ मन्त्रालय, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्य बाट प्राप्त मार्गदर्शन, गैर



कर्ण रोकाया
उपाध्यक्ष

सरकारी कार्यालयहरूको प्राप्त विवरण र बजेट सिलिङ, सहभागिता मूलक योजना तर्जुमा अनुरूप बस्ती र टोल स्तरबाट छनौट गरिएका आयोजना र कार्यक्रम, वडा स्तरीय आयोजना र कार्यक्रमहरूको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरूको प्रतिवेदन समेतको आधार मानी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी सार्वजनिकिकरणका लागि यो गरिमामय गाउँ सभामा आगामी आ. व. २०७९/०८० को बजेट प्रस्तुत गरेको छु ।

प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विविधता र सुन्दरता यस गाउँपालिका र समग्र हुम्लाकै सम्पत्तिको रूपमा रहेको छ ।

कृषि तथा औषधि जन्य जडीबुटीहरू, पर्यटन, जल विद्युत् आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको अदानचुली गाउँपालिकामा दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रूपमा सामाजिक सांस्कृतिक आर्थिक विकास हुन सकेको छैन ।

यद्यपि उपलब्ध स्रोत, साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामूहिक इच्छा शक्तिका साथ यस अदानचुली गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी यस गाँउपालिकाका जनताहरूले हाम्रो काँधमा सुम्पिएका छन् ।त्यसैले समृद्ध अदानचुली गाउँपालिका निर्माण गर्न हामीलाई यहाँका जनताले ऐतिहासिक अवसर दिएका छन् । यस अवसरलाई हामीले उच्चतम उपयोग गर्नु अत्यन्तै आवश्यक छ, अपरिहार्य छ ।

कर्ण रोकाया
उपाध्यक्ष

सभा अध्यक्ष ज्यू, सदस्य ज्यूहरू तथा उपस्थित महानुभावहरू,

अब म बजेट तथा कार्यक्रमको मुख्य उद्देश्य र मुख्य नीतिहरू प्रस्तुत गर्न चाहन्छु ।

## बजेटको प्रमुख उद्देश्य

आ. व. २०७९/०८० को यस अदानचुली गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रमको प्रमुख उदेश्य आर्थिक, सामाजिक पूर्वाधारहरूको विकास गरी यस गाउँपालिकाको गरिबी, भोकमरी र रोग मारी नियन्त्रण गर्नु रहेको छ ।

सुन्दर अदानचुली निर्माणका लागि कृषि, पर्यटन, जडीबुटी र जलस्रोतको सम्भावनालाई अध्ययन, अनुसन्धान र विवेकीता प्रयोग गरी सडक, शिक्षा, स्वास्थ्य र संचारका क्षेत्रमा प्रभावकारी कार्यक्रम बनाई बजेटको सहि परिचालन गरिनेछ ।

## मुख्य नीतिहरू

१) अदानचुली गाउँपालिकाको सबै वडाका वस्ति-वस्ति गाउँ-गाउँ सम्म मोटर बाटो निर्माणलाई अगाडी बढाई चक्रपथको रूपमा विकास गर्ने परिकल्पना समेत गरिएको छ।

२) अदानचुली गाउँपालिकालाई दुई वर्षभित्र दक्षिणतर्फबाट सडक सञ्जालमा जोडी तीव्र पूर्वाधार विकासको गतिमा अघि बढाइनेछ ।

३) स्वच्छ, सफा, सिसा र प्लास्टिक मुक्त अदानचुली गाउँपालिका निर्माण गर्नको लागि "घर-घरमा धारा, अदानचुली को नारा" तथा आ-आफ्नो स्थानबाट सरसफाइ र फोहर मैला व्यवस्थापनमा विशेष जोड

कर्ण रोकाया
उपाध्यक्ष

दिइनेछ । सुन्दर र समृद्ध गाउँपालिकाको रूपमा विकास गर्न विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।

४) पर्यटन उद्योगको संभावनालाइ विस्तार गर्दै आवश्यक पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।

५) दिगो अर्थतन्त्रका लागि कृषि सुधार कार्यक्रमहरू संचालन गरी एक घर एक बारी, सधैं खाऊँ साग तरकारी भन्ने नीतिलाई अनुसरण गरिनेछ । पशुपालन र जडीबुटी जन्य उत्पादनलाई प्राथमिकतामा राखिनेछ । साथै जडीबुटी संकलनको लागि न्यायिक नीति निर्माण गरिनेछ ।

६) समता, समानता र सशक्तिकरण को नीतिलाई अवलम्बन गर्दै बाल मैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री तथा छुवाछूत मुक्त, जातीय छुई प्रथा मुक्त, बाल विवाह मुक्त, बहु विवाह मुक्त, खुल्ला दिसा पिसाव मुक्त गाउँपालिका निर्माणका लागि पूर्वाधार विकास तथा विभिन्न कार्यक्रमहरू संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

७) आधुनिक संचार प्रविधिको विकास र विस्तारमा जोड दिइ प्रविधि मैत्री सेवा प्रवाह गरिनेछ ।

८) गाउँपालिकामा हुन सक्ने विभिन्न खालका संकटलाई मध्यनजर गर्दै तत्कालीन तथा दीर्घकालीन राहतका लागि नेपाल सरकार र दातृ निकायहरूसँग अनुरोध गरिनेछ ।

कर्ण रोकाया
उपाध्यक्ष



CamScanner

# आ.व.२०७९/०८० को लागि श्रोत साधनहरूको अनुमान, तिनका माध्यमहरू र संकलनको रणनीतिहरू

अदानचुली गाउँपालिकाले अर्थ मन्त्रालय, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्य निकायबाट प्राप्त मार्गदर्शन, गैर सरकारी कार्यालयहरूको प्राप्त विवरण र बजेट सिलिङका आधारमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय अनुसार श्रोत साधनको अनुमान गरि बजेट विनियोजन गरेको छु ।

यसैगरी अब म आ. व. २०७९/०८० को लागि विषयगत विकास नीति उदेश्य र प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु।

## क) आर्थिक विकास

### कृषि

१) कृषि पेसामा संलग्न कुशल कृषक, कृषि फर्मलाई प्रत्येक वर्ष पालिका भरि उत्कृष्ट १२ जनालाई सम्मान स्वरूप पुरस्कृत गरिनेछ।

२) पालिका स्तरमा कानुनी रूपमा दर्ता भएका स्याउ फार्महरूलाई आवश्यक स्तरोन्नति जस्तै घेर बार, कोल्ड स्टोर तथा बुटाको व्यवस्था गरिनेछ।

३) स्थानीय स्तरमा परम्परागत रूपमा गरिएको निर्वाह मुखी पशुपालनलाई व्यावसायिक बनाउने नीति बनाई कार्यान्वयन गरिनेछ।

कर्ण शेकाया
उपाध्यक्ष

४) कृषि पेसालाई आधुनिकीकरण र आत्मनिर्भर बनाउन भौगोलिक विविधता अनुसार अन्न बालीको उत्पादन, सम्म फलफूल र बहुमूल्य जडीबुटी उत्पादन गर्ने तीन तहमा वर्गीकरण गरी आधुनिक कृषि प्रणाली अवलम्बन गरिनेछ।

५) साथै तुम्च-थाई मकै क्षेत्रलाई अन्न बाली तथा केरा उत्पादन, कल्खे-गल्वा-लौंठी-विगोठी मा कपास उत्पादन, वडा नं ०५ मा ओखर उत्पादन र वडा नं. ०६ मा तरकारी तथा जडीबुटी उत्पादन मा विशेष जोड दिइनेछ।

६) पशुपालनको रूपमा बाखा, भेडा, कुखुरा तथा गाई भैंसीको व्यवसायिक उत्पादन गरी पशु जन्य उत्पादन अभिवृद्धि गर्नका साथै निर्यात गर्ने तर्फ कार्यक्रमहरू ल्याइनेछ। सो उद्देश्य प्राप्तिका लागि चरन-खर्क विकासको लागि विशेष जोड दिइनेछ।

७) उन्नत जातको पशुपालनका लागि नस्ल सुधार तथा कृत्रिम गर्भधारण कार्यक्रममा जोड दिँदै बाखा भेडा च्याङ्ग्रा पालन मौरीपालन तथा माछा पालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

उद्योग तथा वाणिज्य

१) गाउँपालिका भित्र रहेका दर्ता गरिएका फर्म, सहकारी, संस्था, उद्योग, व्यवसायहरू सबै यस पालिका मा सूचीकृत गरी संस्थागत विकासमा पहल गरिनेछ।

२) स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापना तथा सञ्चालनमा जोड दिइनेछ ।



कर्ण रोकाया
उपाध्यक्ष

३) स्थानीय स्तरमा उत्पादित वस्तु तथा सामानहरूको बजार सुनिश्चित गर्न पहल गरिनेछ। साथै स्थानीय उत्पादनको प्रयोगमा जोड दिइनेछ।

४) सीप कला, दक्षता र शैक्षिक योग्यताको आधारमा न्यायोचित ढंगबाट रोजगारीको सृजना गर्न बेरोजगारहरूको तथ्यांक संकलन गरि योग्यता र क्षमताको आधारमा रोजगार सेवा केन्द्र मार्फत छुट्टै रोष्टर तयार पारि विभिन्न आयोजनाहरूमा समावेश गरी बेरोजगारी समस्याको समाधानको पहल गरिनेछ।

पर्यटन

१) गाँउपालिकाका सम्भाव्य पर्यटकिय स्थलहरूको पहिचान तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ।

२) हाम्रो कला संस्कृतिलाई संरक्षण एवम् सम्बर्धन गर्दै पाँच वर्षे अदानचुली संस्कृति तथा पर्यटन गुरुयोजना निर्माण गरि कार्यान्वयन गरिनेछ।

३) पर्यटकिय हिसाबले थुप्रै महत्व बोकेका अदानचुली, नौमुले लगायतका पर्यटकिय स्थानको पहिचान गरि पर्यटकिय पद मार्ग निर्माण गरि प्रचार प्रसारका लाई जोड दिइनेछ ।

वन

१) वन विनाशको दर तीव्र गतिमा बढिरहेको यस गाउँपालिकामा वन विनाश रोक्न कडा नीति तथा कार्यक्रमहरू ल्याइनेछ ।



कर्ण रोकाया
उपाध्यक्ष

२) सबै सरोकारवालाहरूको सहकार्यमा खाली जग्गा, सार्वजनिक स्थल, सडक बाटो, नदि छेउछाउमा वृक्षारोपण कार्यलाई विशेष जोड दिइनेछ।

३) नेपाल सरकारको त्रिवर्षीय योजनाले नै देशको कुल क्षेत्रफलको ४५ प्रतिशत वन क्षेत्र पुर्याउने नीति अख्तियार गरेको हुँदा यस गाउँपालिकामा पनि वन क्षेत्रको विस्तारका लागि आवश्यक सबै नीति तथा कार्यक्रमहरू अगाडी ल्याइनेछ ।

### सहकारी तथा वित्तीय क्षेत्र

१) समूह सहकारीहरू लाई संस्थागत विकास गरी वित्तीय क्षेत्र प्रवर्द्धनमा विशेष ध्यान दिइनेछ।

२) गाउँ-गाउँमा सहकारी घरघरमा रोजगारी भन्ने नारालाई अवलम्बन गरिनेछ ।

## ख) सामाजिक विकास

### शिक्षा

१) अनिवार्य तथा निः शुल्क शिक्षाको नीति निर्माण गरिनेछ।

२) विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघ लाई सक्रिय बनाई तालिम प्रशिक्षणको व्यवस्था गरिने छ।

३) विद्यालय बाहिर बालबालिका छैनन् भन्ने वातावरण सिर्जना गरिनेछ।

४) विद्यालयमा प्रभावकारी अनुगमन तथा मुल्यांकन को संयन्त्र व्यवस्थापन गरिने छ।



कर्ण रोकाया
उपाध्यक्ष

५) आवश्यकता अनुसार विद्यालय मर्ज गर्नको लागि पहल गरिनेछ।

६) शिक्षकहरूलाई अभिमुखीकरण तालिमको लागि विषयवस्तु तयार पारी तालिम सञ्चालन गरिनेछ।

७) शैक्षिक तथ्यांक संकलन गर्न विज्ञहरू सँग परामर्श गरिनेछ।

८) अदानचुली गाउँपालिका भित्र रहेका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न भौतिक तथा प्राविधिक सुविधाको विस्तार गरिनेछ ।

९) विद्यालयको भौतिक संरचनाको निर्माण पुनर्निर्माण तथा मर्मत सम्भार गर्ने, शिक्षक अभावको समस्या, विद्यालय छोड्ने दर घटाउन विभिन्न कार्यक्रमहरू ल्याइनेछ ।

१०) गाउँपालिका भित्र शैक्षिक गुणस्तर कायम गर्न सुविधा सम्पन्न आवासीय विद्यालय स्थापनाका लागि पहल गरिनेछ ।

११) पुर्ण साक्षर गाउँपालिका निर्माण गर्न अनौपचारिक शिक्षा कक्षा सञ्चालन मा जोड दिइनेछ।

१२) गाउँपालिकामा हाल सञ्चालनमा रहेको गल्वा बहुमुखी क्याम्पसलाई तीन वर्ष भित्रमा क्षेत्रकै नमुना क्याम्पसको रूपमा विकास गर्न पहल गरिनेछ ।

१३) यस अदानचुली गाउँपालिका भित्रका गरिब, दलित, जनजाति, जेहनदार, सहिद परिवार, घाइते अपाङ्ग, बेपत्ता र विस्थापित परिवार मध्येबाट वार्षिक २० जना विद्यार्थी भाई बहिनीहरूलाई उच्च शिक्षा अध्ययनको लागी छात्रवृत्तिको व्यवस्था गरेको छु।

कर्ण रोकाया
उपाध्यक्ष



CamScanner

१४) नेपाल सकारको प्रत्येक स्थानीय निकायमा एक प्राविधिक विद्यालयको अवधारण अनुसार यस अदानचुली गाउँपालिकामा पनि प्राविधिक शिक्षालय स्थापनाको लागी पहल गर्ने छु।

१५) हाम्रो गाउँपालिका भित्र रहेका सबै विद्यालयहरूमा आवश्यक दरबन्दीको श्रृजना गरि स्वीकृती तथा व्यवस्थापन गरिने छ ।

१६) विद्यालयहरूको इन्टरनेट, कम्प्युटर शिक्षा पहुँचमा व्यवस्था गरि शिक्षामा गुणस्तर ल्याउन यस गाउँपालिका भित्रका प्रा. वि. तहमा इन्टरनेटको सेवा र मा. वि तहमा इन्टरनेट सहितको कम्प्युटर कक्षाको लागी व्यवस्था गरेको छु।

१७) शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्न यस गाउँपालिका भित्र ईंग्लिस माध्यमबाट कक्षा संचालन को लागी वडा नं. १ र २ को थलोहाल्ना, वडा नं. ३ र ४ को सेन्टर पर्ने स्थानमा र वडा नं. ५ र ६ को डाहल मा छुट्टै विद्यालयको व्यवस्था गर्ने छु। यसको लागी भौतिक पूर्वाधार, शैक्षिक सामाग्री, मानवीय जनशक्ति जस्ता सबै व्यवस्थापनको लागी सरकारी तथा गैर सरकारी संस्था र युनाइटेड वर्ल्ड स्कूल नेपाल सँगको सहकार्यमा गरिनेछ।

१८) विद्यालयका कार्यालय सहयोगी, बाल विकास सहज कर्ता र लेखापालहरूलाई स्थानीय तहबाट प्रति महिना रु १०००/- (एक हजार) प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।

१९) बाल विकास शिक्षालाई प्रभावकारी बनाउनको लागी प्रत्येक बाल विकास कक्षालाई शैक्षिक सामाग्री को व्यवस्था गरेको छु र थप नयाँ वडा नं. ५ सुपाखेत प्रा. वि. वारिगाउ, वडा नं. ४ सिमेली दलित वस्ति लौंठी, वडा नं. ३ गोठीचौर र गोरपाली र वडा नं. १ र २ को तुम्च, थपाली(१)र वडा नं. १ कल्खे जनकल्याण आधारभूत विद्यालय गरी जम्मा ७ वटा बाल विकास दरबन्दी सृजना गर्ने पहल गरेको छु।



कर्ण रोकाया
उपाध्यक्ष

२०) वृद्ध बुवा आमाहरूलाई संचार तथा मनोरञ्जनको पहुँचमा पुर्याउनको लागी गाउँ-गाउँमा इन्टरनेटको सेवा व्यवस्था गर्न पहल गर्ने छु। त्यस्तै, युवा व्यक्तिहरूलाई उपन्यास, कथा, कविता, पत्रिका जस्ता पुस्तकहरू सहितको समय सान्दर्भिक आधुनिक पुस्तकालयको पहल गर्न मा जोड दिने छु।

२१) प्रत्येक वडामा महिला तथा दलितहरूको छलफल, भेला, बैठक, गोष्ठीको लागी एक-एक महिला सामुदायिक भवन र दलित सामुदायिक भवन को व्यवस्था गर्न पहल गर्ने छु ।

स्वास्थ्य

१) सबैलाई स्वास्थ्य कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ ।

२) नेपाल सरकारको नागरिक स्वास्थ्य कार्यक्रम, म स्वस्थ मेरो गाउँपालिका स्वस्थ जस्ता कार्यक्रमहरूलाई लागू गरिनेछ। गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी सामुदायिक स्वास्थ्य क्लिनिकको स्तर उन्नति गर्दै हालको अवस्थामा सुधार ल्याउन पहल गरिनेछ ।

३) अदानचुली गाउँपालिका भित्रका अति असक्त बिरामीलाई छिटो छरितो उपचार केन्द्रमा पुगाई प्रभावकारी उपचार सेवा प्रदान गर्न एम्बुलेन्सको व्यवस्था गर्न पहल गर्ने छु ।

४) पालिका भित्रका श्रीनगर र लौंठी स्वास्थ्य चौकी मा सुविधा सम्पन्न ल्याब अथवा प्रयोगशालाको व्यवस्था गरि प्रभावकारी स्वास्थ्य उपचारमा जोड दिएको छु ।

५) पालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा इन्टरनेट तथा आवश्यक सामाग्रीहरूको व्यवस्था मिलाउने छु ।



कर्ण रोकाया
उपाध्यक्ष

CamScanner

६) गाउँपालिका भित्रका बर्थिङ् सेन्टरलाई व्यवस्थित गरी बर्थिङ् सेन्टरमा सुत्केरी हुन आउने आमाहरूलाई गाउँपालिका बाट थप रु १०००।- (एक हजार) रुपैयाँ प्रोत्साहन भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु।

७) गाउँपालिका भित्रका स्वास्थ्य केन्द्रमा रिक्त रहेका स्वयम् सेविका र स्वास्थ्य कर्मीहरूको पद तुरुन्त पूर्ति गरि प्रभावकारी स्वास्थ्य सेवा प्रभावको व्यवस्था मिलाउने छु ।

८) पालिका भित्रका सम्पूर्ण नागरिकहरूलाई स्वास्थ्य बिमा गर्न अभिप्रेरित गरिने छ ।

९) बाल मृत्यु दर, मातृ मृत्यु दर कम गर्न जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

१०) तीव्र रूपमा बढिरहेको जनसंख्यालाई नियन्त्रण गर्न पालिका भित्रका परिवारले एक वा दुई सन्तानको जन्म पश्चात् कुनै एक दम्पतीले स्थाई रूपमा बन्ध्याकरण गरेमा प्रोत्साहन स्वरूप रु ५०००।- (पाँच हजार) रुपैयाँ प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

११) विपन्न तथा असहायको स्वास्थ्य उपचारमा सहयोग गर्न गाउँपालिका स्तरीय विपन्न स्वास्थ्य उपचार अक्षय कोषमा रु १० लाख रुपैयाँ जम्मा गर्ने निर्णय यसअघि नै भइसकेको हुँदा तत्काल कार्यान्वयनमा लगिनेछ ।

१२) पुर्ण खोप युक्त गाउँपालिका, पुर्ण सरसफाइ युक्त गाउँपालिका बनाउनका साथै बाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन महिला स्वयंसेविकाहरू तथा ग्रामीण स्वास्थ्य कार्यकर्ताहरू परिचालन गर्न थप पहल गरिनेछ ।



कर्ण रोकाया
उपाध्यक्ष

## खानेपानी तथा सरसफाइ

१) "अदानचुली गाउँपालिकाको नारा, घर घरमा पानीका धारा" मूल मन्त्रलाई आत्मसाथ गर्दै सफा खानेपानी तथा पुर्ण सरसफाइका लागि विशेष ध्यान दिइनेछ ।खानेपानीको समस्या टड्कारो देखिएको हुँदा यस गाउँपालिका भित्र सम्भाव्य परियोजनाहरूको अध्ययन गरि शीघ्र दिगो समाधानको बाटो खोजिनेछ ।

२) साबिकमा सञ्चालनमा रहेका खानेपानीका बहु-वर्षीय आयोजनाहरूलाई समयमै सम्पन्न गराउन र नयाँ परियोजनाहरू सञ्चालनमा ल्याउन विशेष जोड दिइनेछ ।

३) सफा र स्वच्छ खानेपानी, हामी अदानचुली बासीको पहिचान नारालाई मूर्तरूप दिन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

४) साथै सरुवा रोगहरूबाट बच्न एक घर, एक चर्पीको अवधारणालाई अक्षरंस पालना गर्न यस सम्बन्धी विभिन्न कार्यक्रमहरू ल्याइनेछ। त्यस्तै एक घर, एक धारा स्वच्छ खानेपानीको पहुँचमा सारा भन्ने कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५) विशेष रूपमा, पाँच वर्षे खानेपानी तथा सरसफाइ गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६) सिसा र प्लास्टिक रहित गाउँपालिका निर्माणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।



कर्ण रोकाया
उपाध्यक्ष

खेलकुद

१) स्वस्थ र शिर्जनशिल युवा का लागि खेलकुदको क्षेत्रमा विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ र खेलकुद विकासका पूर्वाधार बनाउने कार्यलाई तीव्रता दिइनेछ ।

२) खेल क्षेत्रको विकास गर्न गाउँपालिका क्षेत्रमा एक व्यवस्थित रंगशाला निर्माण गर्नको लागि पहल गरिनेछ।

३) विभिन्न समयमा वडा र गाउँपालिका स्तरीय खेलकुद आयोजना गरी क्षमतावान् खेलाडी छनौट गरि प्रोत्साहन तथा पुरस्कृत गरी राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा जोड दिइनेछ ।

संस्कृति प्रवर्द्धन

१) भाषा, साहित्य, कला र संस्कृति संरक्षण र सम्बर्द्धनमा विशेष ध्यान दिइनेछ। यससँग सम्बन्धित विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ।

२) स्थानीय स्तरमा भएका सबै देवताका मन्दिरको पुनर्निर्माण गर्दै धामी, डाँगर तथा कला र गला भएका सांस्कृतिक कर्मीको क्षमता विस्तार गर्दै उनीहरूलाई उचित सम्मान गरिनेछ ।

३) पर्यटन प्रवर्द्धनमा थप आत्मनिर्भर बनाउन विशेष योजना निर्माण गरिनेछ ।

४) गाउँपालिकामा रहेका गुम्बा मठ मन्दिरहरूको पहिचान संरक्षण एवम् सम्बर्द्धन का लागि जोड दिइनेछ ।

लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण



कर्ण रोकाया
उपाध्यक्ष

१) महिला, बालबालिका, दलित तथा उत्पीडित जनजाति, विपन्न सिमान्तकृत, अपाङ्ग एवं पछाडी परेका वर्गको लागि विभिन्न लक्षित कार्यक्रमहरू ल्याइनेछ र ती कार्यक्रमहरू उनीहरूबाटै संचालन गर्न उत्प्रेरित गरिनेछ ।

२) राष्ट्रिय मूल प्रवाहीकरणको नीति अवलम्बन गरिनेछ। अबको विकासलाई बाल मैत्री, अपाङ्ग मैत्री, महिला मैत्री तथा अन्य पछाडि परेका वर्गको उत्थान हुने गरि अगाडी बढाइनेछ ।

३) समाजमा विभेदकारी व्यवहार तथा संस्कार यद्यपि कायम रहेको हुँदा त्यसको निराकरणका लागि आवश्यक कानुन तथा कार्यक्रमहरू ल्याइनेछ । बाल मैत्री स्थानीय शासन लागू गर्न विभिन्न गतिविधिहरू सञ्चालन गरिनेछ ।

४) मानव बेच-बिखन, घरेलु हिंसा, बाल श्रम छुवाछूत तथा सामाजिक कुरीतिको रूपमा रहेका प्रथाहरूको सबै सरोकार वाला पक्षहरूको सहयोगमा न्यूनीकरण गरिनेछ ।

५) महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरिक, असहाय र एकल महिलाहरूको सामाजिक सुरक्षा र मानव अधिकार सम्बन्धी सचेतनका कार्यक्रम संचालनमा सामाजिक संघ संस्थाहरूलाई परिचालन गरिनेछ। साथै संचालन भई सकेका कार्यक्रमहरूलाई पनि निरन्तरता र सम्मान गरिनेछ ।

६) गाउँपालिका भित्र भएका सम्पूर्ण आदरणीय जेष्ठ नागरिकहरू लाई पालन पोषण र रेखदेखका लागि सुविधा सम्पन्न वृद्धा आश्रमको स्थापना गर्न पहल गरिनेछ। त्यस्तै, एकल महिला तथा एकल



कर्ण रोकाया
उपाध्यक्ष

पुरुषहरूलाई सीप तथा रोजगारीको उचित व्यवस्था तथा प्राथमिकरणका कार्यक्रमहरू ल्याइनेछ।

## ग) पूर्वाधार विकास

### सडक तथा पुल

१) सडक तर्फ अदानचुली गाउँपालिका देखि पुद्दुकोट हुँदै बुमि डाँडा खौला सम्म सडकको निर्माण गरिनेछ।

२) गाउँपालिकाको चक्रपथको रूपमा बस्ती-बस्ती जोड्ने छाल-कल्खे-गल्वा-काँखे-करगई-पाल्स-लमई-रिल्म-विगोठी हुँदै थाई मकै चक्रपथको अवधारणा ल्याएको छु।

३) सिद्धका पाइला देखि गुफा ओडार सम्म पर्यटकिय पद मार्ग निर्माण को प्रस्ताव गरेको छु।

४) गल्फागाड देखि अदानचुली, पाम्स सम्म को जीर्ण सडक लाई नाला सहित दुई लेन विस्तार मा लगिनेछ।

### सिंचाई

१) परम्परागत तथा आधुनिक सिंचाई योजनाहरू (थोपा, स्प्रिङकल, लिफ्ट आदि) लाई विशेष प्राथमिकतामा राखिनेछ र गाउँपालिका भित्रका सबै कृषि जमिनहरूमा सिंचाई हुने व्यवस्था मिलाइनेछ ।

२) ठाडा काट्ने देखि छालसम्मको वृहत् सिंचाइलाई आवश्यक बजेट व्यवस्थाका लागि गाउँपालिका आफैले र सरोकारवालाहरू सँग विशेष पहल गरिनेछ ।



कर्ण रोकाया
उपाध्यक्ष

३) भिड छहरा-थपाली देखि गल्फागाड-परालखात सम्म हुँदै मछ्याड कुलो भिईघाट सम्म सिमेन्टेड नहरको व्यवस्थाको पहल गरिनेछ।

४) गल्फागाड देखि कफाडी सम्म लिफ्ट सिँचाई को अवधारणा मा पहल गर्ने छु।

भवन तथा सहरी विकास

१) हाल सम्म गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नभएको अवस्थामा यस तर्फ तत्काल आवश्यकता बोध गरी आवश्यक पहल गरिनेछ।

२) यस अदानचुली गाउँपालिकामा रहेका अति जोखिम बस्तीहरूलाई उपयुक्त ठाउँ छनौट गरी बस्ती विस्तारको लागि सम्बन्धित सरोकार वाला निकायहरूसँग आवश्यक बजेट व्यवस्थापनको लागि पहल गरिनेछ।

३) प्रत्येक वडामा कुटानी-पिसानी-तेलहन मिलको स्थापनामा जोड दिइनेछ।

४) अदानचुली गाउँपालिकामा निःशुल्क शौचालय सहितको बसपार्क को व्यवस्था गरिनेछ।

५) अदानचुली गाउँपालिकामा सुविधा सम्पन्न १५ शैयाको अस्पताल निर्माण गरिनेछ।

६) गाउँ स्तरीय छलफल, गोष्ठी, भेला तथा सेमिनार सञ्चालन सहजता का लागि फडेरा गाउँ मा सामुदायिक भवन निर्माण गरिनेछ।



कर्ण रोकाया
उपाध्यक्ष

७) गाउँपालिका भित्र उत्पादन हुने तरकारी, माछा-मासु, दुग्ध जन्य उत्पादन तथा फलफूल आदि को सरल विक्री वितरण का लागि हाट बजार भवन को पहल गरिनेछ।

८) पिछडा अल्पसंख्यक समुदायहरूका लागि सीप तथा तालिम सिकाई भवन निर्माण मा जोड दिइनेछ।

९) बाल शिक्षा लाई अझै व्यवस्थित, सरल र सहज ढंगले सञ्चालन गर्नका लागि छुट्टै बाल विकास भवन निर्माणमा पहल गरिनेछ।

१०) वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू र विद्यालयहरूका भवन निर्माण गराउन आवश्यकता अनुसार उच्च प्राथमिकता दिइनेछ ।

११) संभाव्य स्थानमा एकीकृत बस्ती विकासको कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

१२) भवन निर्माण तथा सहरी विकास मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ ।

ऊर्जा लघु तथा साना जल विद्युत् (वैकल्पिक ऊर्जा समेत)

१) अदानचुली गाउँपालिका भरी प्रत्येक वडामा घर-घर मा उज्यालो कार्यक्रम को व्यवस्था गरिनेछ।

२) गाउँपालिका भित्र वैकल्पिक ऊर्जा प्रयोगमा जोड दिइनेछ ।

३) हरेक घर, उज्यालो घर कार्यक्रम सञ्चालन गरी विद्युतको भरपर्दो व्यवस्था गर्न विगतमा यस क्षेत्रमा सञ्चालनमा रहेका लघु जल विद्युत् योजनाहरूलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याइ स्थानीय जनतालाई



कर्ण रोकाया
उपाध्यक्ष

विद्युत् उपभोगको प्रबन्ध मिलाउनका लागि विभिन्न सरोकारवालाहरू सँगको साझेदारीमा जोड दिइनेछ। साथै ठूला तथा मझौला जल विद्युत् आयोजनाहरू निर्माणका लागि पहल गरिनेछ ।

४) कुकुरफाल्ना जलविद्युत आयोजना र मछाइनी जल विद्युतलाई गुणस्तरिय बनाउन जोड दिइनेछ ।

५) निर्माणाधिन छहराखेत गल्फागाड लघुजलविद्युत आयोजनालाई छिटो सञ्चालनमा ल्याउनका लागि आवश्यक पहल गरिनेछ ।

६) नेपाल सरकार, ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरणलाई यस गाउँपालिकामा सब स्टेसन स्थापनाका लागि पहल गरी राष्ट्रिय प्रशारण लाइनमा जोड्नका लागी विशेष पहल गरिनेछ ।

## संचार

१) गाउँपालिका स्तरमा संचारका विकल्प खोजी गर्ने निर्णय गरेको छु।

२) प्रत्येक विद्यालयमा इन्टरनेट को व्यवस्था गरिनेछ।

३) आजको युग विज्ञान प्रविधिको भएपनि यस क्षेत्रमा अझैपनि भरपर्दो सूचना र सञ्चारको व्यवस्था हुन नसकेको हुँदा तत्काल Land Line टेलिफोन तथा इन्टरनेट सेवाका लागि सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण गराई कार्यारम्भ गरिनेछ। विकाससँग सञ्चार र सञ्चारसँगै विकासको अवधारणा आत्मसाथ गरिनेछ ।

४) सञ्चार प्रविधिलाई आत्मसाथ गर्दै अघि बढ्न का लागि नेपाल टेलिकम, सि. डि. एम. ए. वा एन. सेल. सँग 4G सेवा मोबाइल टावर निर्माणका लागि विशेष पहल गरिनेछ ।



कर्ण रोकाया
उपाध्यक्ष

५) कम्तीमा एक पत्रिका प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ ।

वन तथा भु-संरक्षण जलाधार संरक्षण वातावरण संरक्षण जलवायु परिवर्तन

१) भूमि र वनक्षेत्रलाई संरक्षण र विकासका लागि वृक्षारोपण तथा भू-संरक्षणका कार्यक्रमहरू र क्रियाकलापहरू संचालन गरिनेछ।

२) बाढी, पहिरो, खडेरी लाई रोकथाम गर्न वनक्षेत्रलाई संरक्षण गर्न प्रत्येक वडामा बन पाले, बन रक्षक को निगरानीमा अनुगमन, नियन्त्रण गर्न पहल गरिनेछ।

३) जडीवुटी संकलन तथा प्रशोधन व्यवस्थापनमा जोड दिइनेछ।

४) दुर्लभ पशुपक्षी एवम् वन्यजन्तुको समुदायमा आधारित संरक्षण प्रणाली अवलम्वन गरिनेछ ।

५) जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरू संचालन गरिनेछ ।

६) हाम्रो हरियो अदानचुली गाउँपालिका भन्ने अवधारणा लागू गर्न विशेष जोड दिइनेछ ।

७) पानीका मुहान तथा कुल-कुलेसाहरु संरक्षण तथा व्यवस्थित गरिनेछ। कटान भएका क्षेत्र संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ।

८) जलवायु परिवर्तनले विश्वलाई नै चुनौती दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिहरूलाई प्रोत्साहन गरिनेछ। जलवायु अनुकूलित विकास कार्यक्रमहरू सञ्चालन गरि हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ। यसका लागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्यरत विभिन्न निकायहरूसँग सहकार्य गरि अगाडि बढिनेछ।



कर्ण रोकाया
उपाध्यक्ष

CamScanner

९) एक गाउँ, एक सामुदायिक वनको अवधारणालाई कार्यान्वयनमा जोड दिइ अभियान सञ्चालन गरिनेछ ।

## फोहर मैला व्यवस्थापन

१) फोहर मैला व्यवस्थापनका लागि फोहर मैला उत्पादनमा कमी गर्ने, पुन प्रयोग गर्ने तथा प्रशोधन (रि-युज, **रिड्युस**, रि-साइकल= 3R) नीति अवलम्बन गरिनेछ ।

२) गाउँपालिका भित्र उचित ल्याण्ड फिल साइट तथा डम्पिङ साइट को स्थान पहिचान तथा व्यवस्थापन गरिनेछ ।

३) गाउँपालिकामा एक प्रकोप व्यवस्थापन कोष निर्माण गरिनेछ । साथै विपद् व्यवस्थापन सम्बन्धी विभिन्न निकायहरूसँग उचित समन्वय गरिनेछ ।

४) गाउँपालिका भित्र आवश्यकता पहिचान गरी यो आर्थिक वर्षमा ढल निकास व्यवस्थापनमा यथोचित बजेटको व्यवस्था गरिनेछ।

कर्ण रोकाया
उपाध्यक्ष

## घ) संस्थागत विकास तथा सेवा प्रवाह

### मानव संसाधन तथा संस्थागत क्षमता विकास

१) गाउँपालिकाको समग्र विकास तथा कार्य सम्पादनका लागि विभिन्न तालिम, गोष्ठी, भ्रमण, अध्ययन-अनुसन्धान जस्ता कार्यहरूमा जोड दिइनेछ ।

२) स्थानीय सीप, श्रोत, साधन र क्षमताको अधिकतम उपयोग गर्न विभिन्न सरोकारवाला संघ संस्थाहरूसँग साझेदारीमा विशेष जोड दिइनेछ ।

३) संस्थागत पूर्वाधार नागरिक वडा पत्र तथा टोकन प्रणालीको व्यवस्था गरिनेछ।

४) गाउँपालिका भित्र अपाङ्ग, असहाय, वाल मैत्री र लैङ्गिक मैत्री पूर्वाधारहरूको निर्माण तथा मर्मत सुधार गरिनेछ। साथै तिनिहरूको लागि सेवा प्रवाहमा विशेष सहुलियत दिइनेछ।

५) स्पष्ट र उपयोगी इलेक्ट्रोनिक र कम्प्युटराइज नागरिक वडा पत्रको प्रयोगमा जोड दिइनेछ ।

६) कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरू मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नागरिक वडा पत्र, सूचनाको हकको प्रत्याभुति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरू मार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

कर्ण रोकाया
उपाध्यक्ष

## सेवा प्रवाहका मापदण्ड निर्धारण

१) न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्याङ्कन निर्देशिकाको पालना गरिनेछ ।

२) विकासका कार्यक्रमहरूमा सार्वजनिक, निजी, साझेदारी एकएक को नीति अवलम्बन गरिनेछ ।

## सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग

१) सेवा प्रवाहका सम्पूर्ण कार्यहरू कम्प्युटर र इन्टरनेट प्रणाली मार्फत गरिनेछ ।

२) सेवा प्रदायक र सेवा ग्राहीहरू प्रविधि मैत्री बनाउन विभिन्न तालीम तथा संचारका कार्यक्रमहरू संचालन गरिनेछ ।

## वित्तीय व्यवस्थापन, सुशासन तथा संस्थागत

१) जनप्रतिनिधि र हरेक विभागीय शाखामा कार्यरत कर्मचारीहरूलाई राम्रो काम गर्नेलाई पुरस्कृत र नराम्रो काम गर्ने लाई दण्डित गर्ने व्यवस्था तदारुपता का साथ गरिनेछ।

२) संचित कोषबाट हुने कर्मचारीहरूको तलव, भत्ता, पोसाक र पदाधिकारीहरूको अन्य सेवा सुविधा लगायत कार्यालय सञ्चालन सम्बन्धी सम्पूर्ण खर्च व्यक्ति तथा संस्थाको सम्बन्धित बैङ्क खाता मार्फत मात्रै भुक्तानी गरिनेछ ।

३) आर्थिक मितव्ययितालाई जोड दिंदै सुशासन अभिवृद्धिमा जोड दिइनेछ। विभिन्न करका क्षेत्रहरू पहिचान गरी नियमानुसार राजस्व संकलन गरिनेछ ।

४) आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्ष अदानचुली गाउँपालिकाको बजेट कार्यान्वयन वर्षको



कर्ण रोकाया
उपाध्यक्ष

रूपमा मनाइनेछ ।यसको लागी आर्थिक वर्षको सुरुमा नै योजना बनाएर काम थालनी गर्ने र समयमै योजना तथा कार्यक्रमहरू सम्पन्न गरिनेछन् ।

५) लेखांकन आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक सुनुवाइ सामाजिक परीक्षण अन्तिम लेखा परीक्षण तथा बेरुजू फछ्यौंट र सूचना तथा संचार व्यवस्थापन

६) गाउँपालिकाको आर्थिक कारोबारहरूको प्रचलित कानुनअनुसार चुस्त दुरुस्त लेखाङ्कन गरिने छ।

७) नियमानुसार आ. ले. प र म. ले. प गरी वार्षिक क्रियाकलापहरू तथा आय व्ययको विवरण आर्थिक मसान्त सकिदा वित्तिकै यथा सिघ्र सार्वजनिक सुनुवाइ गरिने व्यवस्था मिलाइने छ ।

८) बेरुजू र बेरुजू फछ्यौंट विषयमा अति संवेदनशीलता अपनाइने छ।



कर्ण रोकाया
उपाध्यक्ष

| शीर्षक | आ. व. २०७९/८० |
|---|---|
| आय | २८ करोड ५५ लाख २४ हजार ३७६ |
| राजस्व | ५ करोड ९५ लाख १० हजार ३७६ |
| आन्तरिक राजस्व | ७ लाख |
| संघिय राजस्व बाँडफाँट बाट प्राप्त | ५ करोड ८५ लाख ६४ हजार |
| प्रदेश सवारी साधन करको बाँडफाँट बाट प्राप्त | २ लाख ४६ हजार ३७६ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | २२ करोड ६० लाख १४ हजार |
| संघिय वित्तीय समानिकरण अनुदान | ७ करोड ५६ लाख |
| संघिय ससर्त अनुदान (चालू) | १० करोड ६२ लाख |
| संघिय ससर्त अनुदान (पुँजीगत) | १ करोड ५५ लाख |
| प्रदेश समानिकरण अनुदान | ६८ लाख ५४ हजार |
| प्रदेश ससर्त अनुदान (चालू) | ६३ लाख ६० हजार |
| प्रदेश ससर्त अनुदान (पुँजीगत) | १ करोड ५५ लाख |
| जनसहभागिता | - |
| नगद सहभागिता | - |
| श्रम तथा वस्तुगत सहायता | - |
| व्यय | २८ करोड ५५ लाख २४ हजार ३७६ |
| चालू खर्च | १९ करोड ८ लाख २० हजार |
| पुँजीगत खर्च | ९ करोड ४७ लाख ४ हजार ३७६ |
| बजेट बचत (+)/न्यून (-) | ०/- |
| वित्तीय व्यवस्था | ०/- |
| खुद ऋण लगानी | ०/- |
| ऋण लगानी (-) | ०/- |
| ऋण लगानीको सावाँ फिर्ता प्राप्ति | ०/- |
| खुद ऋण प्राप्ति | ०/- |
| अन्तिम बजेट बचत (+)/न्यून (-) | ०/- |



कर्ण रोकाया
उपाध्यक्ष

सभा अध्यक्ष ज्यू,

१) अब म आ. व. २०७९/०८० को प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२) आगामी आ. व. २०७९/०८० को लागि अदानचुली गाउँपालिकाको लागि रु. २८ करोड ५५ लाख २४ हजार ३७६ रुपैयाँ विनियोजन गरेको छु ।

३) कुल विनियोजन मध्ये चालू तर्फ रु १९ करोड ८ लाख २० हजार रुपैयाँ र पुँजीगत तर्फ ९ करोड ४७ लाख ४ हजार ३७६ रुपैयाँ विनियोजन गरेको छु ।

४) नेपाल सरकारबाट ससर्त अनुदानबाट प्राप्त रु ११ करोड २५ लाख ६० हजार रुपैयाँ चालू तर्फ राखिएको हुनाले चालू खर्चको अंश बढी देखिएको छ ।

५) गाउँपालिकाको पुँजीगत बजेट कुल ५ करोड ५७ लाख ४ हजार ३७६ रुपैयाँ लाई क्षेत्र गत रूपमा तपसिल विषयतर्फ बाँड फाँड गरिएको छ।

क) आर्थिक विकास तर्फ रु ७० लाख,

ख) सामाजिक विकास तर्फ रु ८० लाख,

ग) पूर्वाधार विकास तर्फ ३ करोड ७२ लाख ४ हजार ३७६,

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु २५ लाख,

ङ) सुशासन तथा संस्थागत विकास तर्फ रु १० लाख रकम विनियोजन गरेको छु ।



कर्ण रोकाया
उपाध्यक्ष

गाउँपालिकामा समायोजन हुन आउने विभिन्न विषयगत कार्यालयहरू तथा विकास साझेदारहरू बाट प्राप्त हुने बजेट प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

६) आगामी आर्थिक वर्षको लागि खर्च व्यहोर्ने स्रोत मध्ये

क) राजस्वबाट रु ५ करोड ९५ लाख १० हजार ३७६,

ख) वित्तीय समानिकरण अनुदान ८ करोड २४ लाख ५४ हजार, र

ग) ससर्त अनुदानबाट रु १४ करोड ३५ लाख ६० हजार

७) यस अदानचुली गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने अदानचुली गाँउपालिकाका नागरिक कर प्रदायकहरू अदानचुली गाउँपालिकाको हित र समुन्नतिका लागि कार्यरत सबै विकासका साझेदार सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरू र संचार माध्यमहरू प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

८) विविध समस्याहरूका माझमा हिंड्दै गर्दा अपेक्षित लक्ष्य हासिल गर्न केही समय लाग्न सक्छ तर लक्ष्य पुरा नै नहुने भन्ने होइन । थप समन्वय, सहकार्यका साथ हाम्रा विकास प्रयासहरूलाई अझ मजबुत बनाइँदै लगिने कुरामा तपाइहरूलाई विश्वास दिलाउन चाहन्छु ।



कर्ण रोकाया
उपाध्यक्ष

अन्त्यमा,

हालै सम्पन्न भएको स्थानीय तहको चुनावमा नव निर्वाचित हामी जनप्रतिनिधि लाई आर्थिक वर्ष २०७९/०८० को गाउँसभाको बजेट ल्याउने क्रममा जनप्रतिनिधि लाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना अनुभव र सुझाव सल्लाह दिइ सहयोग गर्ने यस अदानचुली गाँउपालिकाका अध्यक्ष ज्यू, वडाध्यक्ष ज्यूहरू, कार्यपालिका सदस्य ज्यूहरू, व्यवस्थापिका सदस्य ज्यूहरू लगायत वडा समितिहरू, राजस्व र बजेट सम्बन्धीका विभिन्न समितिहरू, बुद्धिजीवी ज्यूहरू, विभिन्न राजनैतिक दलका साथीहरू, नागरिक समाज, पत्रकार साथीहरू, निमित्त प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण अदानचुली वासी सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

***धन्यवाद***

कर्ण रोकाया
उपाध्यक्ष